

'मध्य नेपालको सुन्दर शहर, समृद्ध र सुसंस्कृत भरतपुर महानगर'
५ वर्षे कार्यकालको समीक्षा २०७९
भरतपुर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय

# ५ वर्षे कार्यकालको समीक्षा २०७९

**(भरतपुर महानगरपालिकामा जनप्रतिनिधिहरूको बहाली भएपछि आ.व. २०७४/०७५ देखि २०७८/०७९ सम्म सम्पादन/सम्झौता भएका प्रमुख कार्यहरूको संगालो)**


| | | |
|---|---|---|
| प्रकाशक | : | **भरतपुर महानगरपालिका**<br>नगर कार्यपालिकाको कार्यालय<br>भरतपुर, चितवन, बागमती प्रदेश, नेपाल |
| सर्वाधिकार @ | : | भरतपुर महानगरपालिका |
| प्रकाशन वर्ष | : | २०७९, बैशाख |
| तस्वीर सौजन्य | : | प्रमुख तथा उप-प्रमुखको सचिवालय एवम् कोमलचन्द्र भगत |
| कम्प्युटर | : | श्री गोपाल भट्टराई, श्री सञ्जय आले |
| मुद्रण | : | सिद्धबाबा प्रेस प्रा.लि.<br>भरतपुर, चितवन, फोनः ०५६-५२६२४५ |


यस पुस्तकमा समावेश भएका तथ्य-तथ्याङ्क, विवरणहरू महानगरका सम्बन्धित महाशाखा, शाखा तथा वडा कार्यालय एवम् वडा अध्यक्षज्यूहरूबाट प्राप्त सूचनाको आधारमा तयार पारिएका हो । महानगरभित्र सम्पादन भएका वडा, महानगर, प्रदेश, संघ तथा विभागीय इकाइहरूद्वारा सम्पादन भएका योजनाहरूलाईसमेत अभिलेखीकीकरण गर्ने प्रयास गरिएकाले यसमा समावेश विवरणका यथार्थ परिमाण र भुक्तानी रकम फरक परेको हुनसक्छ ।

**– सम्पादन समिति**

# राष्ट्रिय गान




सयौं थुँगा फूलका हामी, एउटै माला नेपाली
सार्वभौम भै फैलिएका, मेची महाकाली ।

प्रकृतिका कोटि-कोटि सम्पदाको आँचल
वीरहरूका रगतले, स्वतन्त्र र अटल ।

ज्ञानभूमि, शान्तिभूमि तराई, पहाड, हिमाल
अखण्ड यो प्यारो हाम्रो मातृभूमि नेपाल ।

बहुल जाति, भाषा, धर्म, संस्कृति छन् विशाल
अग्रगामी राष्ट्र हाम्रो, जय जय नेपाल ।

# समीक्षा पुस्तक प्रकाशन समिति



**रेनु दाहाल**
प्रमुख
**संरक्षक**



**पार्वती शाह ठकुरी**
उप-प्रमुख
**सल्लाहकार**



**रामबन्धु सुवेदी**
प्रमुख प्रशासकीय अधिकृत
**सल्लाहकार**



**अरूण पीडित भण्डारी**
प्रवक्ता
**सल्लाहकार**




**चित्रसेन अधिकारी**
वडा अध्यक्ष
**सल्लाहकार**



**महेन्द्रप्रसाद पौड्याल**
नगर शिक्षा अधिकारी
**प्रधान सम्पादक**



**डा. एकनारायण पौड्याल**
सहप्राध्यापक
**सम्पादक**



**डा. केशवराज चालिसे**
उपप्राध्यापक
**सम्पादक**



**जगन्नाथ अर्याल**
लेखा अधिकृत
**सम्पादक**



**मेनका पण्डित**
अधिकृत स्तर सातौं
**सम्पादक**



**बालकृष्ण थपलिया**
अधिकृत स्तर छैठौं
**कार्यकारी सम्पादक**

# नगर कार्यपालिकाका सदस्यहरू:



**रेनु दाहाल**
नगर प्रमुख



**पार्वती शाह ठकुरी**
नगर उप–प्रमुख



**रामबन्धु सुवेदी**
प्रमुख प्रशासकीय अधिकृत



**अरूण पीडित भण्डारी**
महानगर प्रवक्ता एवम् अध्यक्ष – वडा नं. १०

# वडा अध्यक्षहरू:



**जयराम श्रेष्ठ**
वडा नं. १



**पूर्णबहादुर श्रेष्ठ**
वडा नं. २



**चन्द्रमित्र पण्डित**
वडा नं. ३



**हरिप्रसाद आचार्य**
वडा नं. ४



**पदमपाणि सुवेदी**
वडा नं. ५



**हरिविलास कोइराला**
वडा नं. ६



**राजेन्द्रमणि काफ्ले**
वडा नं. ७



**दामोदर न्यौपाने**
वडा नं. ८



**यमलाल कंडेल**
वडा नं. ९



**बाबुराम अधिकारी**
वडा नं. ११



**नरेन्द्र कन्दङ्वा**
वडा नं. १२



**प्रकाश दवाडी**
वडा नं. १३

# वडा अध्यक्षहरू:


ओमप्रसाद पोखरेल
वडा नं. १४


शम्भुबहादुर भण्डारी
वडा नं. १५


अमृतराज हमाल
वडा नं. १६


ललितमान तमाङ
वडा नं. १७



दीपक लामा
वडा नं. १८


कर्णबहादुर गुरूङ
वडा नं. १९


यज्ञप्रसाद घिमिरे
का.वा. अध्यक्ष वडा नं. २०


चित्रसेन अधिकारी
वडा नं. २१


बिष्णुराज महतो
वडा नं. २२


नरिनारायण पौडेल
वडा नं. २३


कान्छा मल्ल
वडा नं. २४


विजयकुमार भुजेल
वडा नं. २५


ज्ञानप्रसाद खनाल
वडा नं. २६


गोविन्द तमाङ
वडा नं. २७


आशबहादुर कुमाल
वडा नं. २८


मनबहादुर मगर
वडा नं. २९

# कार्यपालिका सदस्यहरू:


चक्र रुचाल


टेकलाल बि.क.


मनबहादुर बि.क.


धनकुमारी बि.क.


बिना गुरूङ


पार्वती बि.क.


पवित्रा के.सी.



गीताकुमारी शर्मा

# वडा सदस्यहरु:


राममाया पिया
वडा नं. १


गंगादेवी पोख्रेल
वडा नं. १


यम ब. वाचे मगर
वडा नं. १


शुक्रकुमार श्रेष्ठ
वडा नं. १


धनकुमारी बि.क.
वडा नं. २


बिष्णुप्रसाद अधिकारी
वडा नं. २


मनबहादुर राना
वडा नं. २


इन्दु पण्डित
वडा नं. ३


सुकमाया परियार
वडा नं. ३


भरतप्रसाद लामिछाने
वडा नं. ३


पवित्रा के.सी.
वडा नं. ४


कोपिला परियार
वडा नं. ४



अर्पण पोख्रेल
वडा नं. ४


शारदा नेपाली परियार
वडा नं. ५


दामोदर सुवेदी
वडा नं. ५


रबिलाल भट्टराई
वडा नं. ५


आइतीमाया राना
वडा नं. ६



सर्मिला परियार
वडा नं. ६


बाबुराम न्यौपाने
वडा नं. ६


देवमित्र पण्डित
वडा नं. ६


सरिता कुमारी सुवेदी पाठक
वडा नं. ७


रीता दर्जी
वडा नं. ७


बुद्धिप्रसाद सापकोटा
वडा नं. ७


राजेन्द्रबहादुर तमाङ
वडा नं. ७


लालकुमारी सुवेदी गौतम
वडा नं. ८


साबित्री बि.क.
वडा नं. ८


डिल्लीराम लामिछाने
वडा नं. ८


तिलक ब. दर्लामी मगर
वडा नं. ८


रत्नकुमारी अधिकारी तिवारी
वडा नं. ९


सुमिताकुमारी बि.क.
वडा नं. ९

# वडा सदस्यहरू:


**सूर्यप्रसाद खनाल**
वडा नं. ९


**किशोर सापकोटा**
वडा नं. ९


**नरीमाया तामाङ**
वडा नं. १०


**मायादेवी नेपाली**
वडा नं. १०


**बलराम जि.सी.**
वडा नं. १०


**विना गुरुङ**
वडा नं. ११


**बिमला बि.क.**
वडा नं. ११


**चिन्तामणि लम्साल**
वडा नं. ११


**ज्ञानबहादुर कुमाल**
वडा नं. ११


**बिमला भट्टराई**
वडा नं. १२


**देवी परियार**
वडा नं. १२



**कृष्ण ब. अधिकारी**
वडा नं. १२


**ईश्वर रिमाल**
वडा नं. १२


**कुमारीमाया लो**
वडा नं. १३


**सीता दर्जी**
वडा नं. १३


**किसोर पौडेल**
वडा नं. १३


**गजराज न्यौपाने**
वडा नं. १३


**सरस्वती भण्डारी पौडेल**
वडा नं. १४


**सन्जु परियार**
वडा नं. १४


**प्रकाश गुरुङ**
वडा नं. १४


**मञ्जु महतो**
वडा नं. १४


**सिर्जना अधिकारी**
वडा नं. १५

**सीता सापकोटा परियार**
वडा नं. १५


**भरत अधिकारी**
वडा नं. १५


**बीरबहादुर लामा**
वडा नं. १५


**साबित्रीदेवी देवकोटा**
वडा नं. १६


**चन्द्रमाया नेपाली**
वडा नं. १६


**ओम बहादुर रावल**
वडा नं. १६


**रामप्रसाद ढकाल**
वडा नं. १६


**लक्ष्मीदेवी महतो**
वडा नं. १७

# वडा सदस्यहरु:


**सरस्वती सुनार**
वडा नं. १७


**राजकुमार तमाङ**
वडा नं. १७


**मंगलध्वज गुरुङ**
वडा नं. १७


**ज्योत्सना अधिकारी ढकाल**
वडा नं. १८


**सरिता नेपाली**
वडा नं. १८


**जीतबहादुर तमाङ**
वडा नं. १८


**बाबुराम राना**
वडा नं. १८


**साधना पराजुली**
वडा नं. १९


**चुन्चा परियार**
वडा नं. १९


**जयनारायण श्रेष्ठ**
वडा नं. १९


**द्रोण गुरुङ**
वडा नं. १९


**मन्दिरा पोख्रेल**
वडा नं. २०


**मठै परियार**
वडा नं. २०


**यज्ञप्रसाद घिमिरे**
वडा नं. २०


**लोकेन्द्र गुरुङ**
वडा नं. २०


**शान्ति पराजुली**
वडा नं. २१


**फूलकुमारी परियार**
वडा नं. २१


**कृष्णकुमार गरुङ**
वडा नं. २१


**राजु तमाङ**
वडा नं. २१


**देउमाया बि.क.**
वडा नं. २२


**प्रेमबहादुर थापा**
वडा नं. २२


**सोमबहादुर गुरुङ**
वडा नं. २२


**बिन्दु दराई**
वडा नं. २३


**अन्जु परियार**
वडा नं. २३


**जीतबहादुर बस्नेत**
वडा नं. २३


**बाबुलाल थिङ**
वडा नं. २३

**हीराकुमारी बि.क.**
वडा नं. २४


**बिमकुमारी बि.क.**
वडा नं. २४


**अबिरबहादुर बि.क.**
वडा नं. २४


**बुद्धलाल घिसिङ**
वडा नं. २४

# वडा सदस्यहरु:



गौरी जमरकट्टेल
वडा नं. २५



पार्वती बि.क.
वडा नं. २५



कमलबहादुर गोदार
वडा नं. २५



युवराज चौधरी
वडा नं. २५



गीताकुमारी शर्मा पौडेल
वडा नं. २६



सीताकुमारी दर्जी
वडा नं. २६



रामकृष्ण चौधरी
वडा नं. २६



लीलाधर पौडेल
वडा नं. २६



राधा क्षेत्री
वडा नं. २७



तीलकुमारी सुनार
वडा नं. २७



राज ब. भण्डारी क्षेत्री
वडा नं. २७



सन्तबहादुर महतो
वडा नं. २७



सीताकुमारी बस्याल
वडा नं. २८



शान्ति दर्जी
वडा नं. २८



नेत्रप्रसाद आचार्य
वडा नं. २८



भीम बहादुर कुमाल
वडा नं. २८



भीमकुमारी थापा मगर
वडा नं. २९



माया कामी
वडा नं. २९



बलराम तमाङ
वडा नं. २९



रामबहादुर मगर
वडा नं. २९

# विज्ञ सल्लाहकारहरू



गोपालकृष्ण न्यौपाने
विज्ञ सल्लाहकार



सुरेशचन्द्र अधिकारी
प्रेस सल्लाहकार



# शुभकामना

स्थानीय तहमा जननिर्वाचित प्रतिनिधिहरुको बहालीपछि भरतपुर महानगरपालिकामा भएका प्रमुख कार्यहरुको अभिलेखका रुपमा **'पाँच वर्षे कार्यकाल समीक्षा-२०७९'** प्रकाशित हुन लागेको जानकारी पाउँदा खुसी लागेको छ ।

देशकै नमूना महानगरपालिका बन्न सफल भरतपुर महानगरले गएका पाँच वर्षमा **'मध्य नेपालको सुन्दर सहर, समृद्ध र सुसंस्कृत भरतपुर महानगर'** भन्ने सोचमा के कति सार्थकता पायो भन्ने प्रस्तुत पुस्तकले दर्शाउन खोजेको देखिन्छ । भरतपुर महानगरपालिकाको समग्र पूर्वाधार निर्माण र विकासमा भएको प्रगति मुलुक भित्रमात्र नभई मुलुक बाहिर पनि चर्चाको विषय बनेको छ । भरतपुर महानगरको समृद्धि र जनताका लागि भएका सेवा प्रवाह सम्बन्धी कार्यहरुका बारेमा प्रस्तुत समीक्षा पुस्तक गतिलो दस्तावेजका रुपमा रहने मेरो विश्वास छ ।

स्थानीय तह र यसका जनप्रतिनिधिले विगतका वर्षहरुमा खेपेको चुनौति र पाएको अवसरले संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधानको पूर्ण कार्यान्वयनको क्षेत्रमा कोशेढुंगाको काम गरेको छ । केन्द्रीकृत राज्य संयन्त्रले केन्द्रमा थुपारेका असिमित जनअधिकारलाई बितेका पाँच वर्षहरुमै नागरिकका घरदैलोमा पुर्याउने र विधिको शासन र सामाजिक न्यायका बारे जागरुक बनाउन जनप्रतिनिधिले खेलेको भूमिका प्रशंसनीय छ ।

स्थानीय सत्ता समाजवादी व्यवस्थाका भ्रुणहरु हुन् । संविधानले अंगिकार गरेको समाजवादी लक्ष्य हासिल गर्न स्थानीय तहमा विकास र निर्माणलाई तिब्रता दिई तिनलाई समाजवादी व्यवस्थाका इकाइहरुका रुपमा विकास गर्न अग्रसर हुनुपर्ने अबको आवश्यकता हो ।

अन्त्यमा, भरतपुर महानगरपालिकाले पाँच वर्षे छोटो कार्यावधीमा गरेको सेवा प्रवाहको उच्च प्रशंसा गर्दै नगर प्रमुखससहित सम्पूर्ण महानगरपालिका परिवारलाई हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछु ।

*०६ बैशाख, २०७९*

**मा. पुष्पकमल दाहाल 'प्रचण्ड'**
**पूर्व प्रधानमन्त्री, नेकपा (माओवादी केन्द्र) अध्यक्ष**
**एवम् चितवन क्षेत्र नं. ३ प्रतिनिधि सभा सदस्य**

# भरतपुर महानगरपालिकाको विकास र समृद्धिका पाँच वर्ष



**रेनु दाहाल**
**प्रमुख**
**भरतपुर महानगरपालिका**

मुलुकले सङ्घीय शासन व्यवस्था अङ्गीकार गरे पश्चात गठित पहिलो स्थानीय सरकारको रूपमा महानगरको विकास र समृद्धिका लागि हामी निर्वाचित भई क्रियाशील भएको पनि पाँच वर्ष पुग्नै लागेको छ।आ.व. २०७४/०७५ को अन्त्यतिरबाट सुरु भएको जनताको सेवा र विकास निर्माणको अविराम यात्रा २०७८/०७९ को अन्ततिर आइपुग्दा पनि निरन्तर अगाडि बढिरहेको छ। यस अवधिमा जनताद्वारा प्रत्यक्ष निर्वाचित हुने क्रममा हामी जनप्रतिनिधिहरूबाट महानगरवासी सामु गरिएका प्रतिवद्धताहरू केकति पूरा गर्न सकियो सकिएन सोको  समीक्षा आदरणीय नगरवासीहरूबाट हुनेछ। तर पनि हामीले आफू निर्वाचित भएर आएपछिको पाँच वर्षको अवधिमा सम्पादन भएका  कार्यहरूलाई जनआकांक्षाको कसीमा हेर्ने जमर्को स्वरुप यो **५ वर्षे कार्यकालको समीक्षा** २०७९ पुस्तक प्रकाशन गरिएको छ।

नेपालको संविधानले शासकीय सत्तालाई तल्लो तहसम्म पुऱ्याएर प्रत्येक नागरिकलाई स्वशासन तथा आत्मनिर्णयको अधिकार सुनिश्चित गरेको छ। स्थानीय सरकारलाई जनताको घरदैलोको सरकारका रूपमा स्थापित गरी जनचाहना अनुरूप कार्य गर्ने असिमित अवसर प्रदान गरेको छ। यसै अवसरलाई आत्मसात गरी **मध्य नेपालको सुन्दर सहर, समृद्ध र सुसंस्कृत भरतपुर महानगर** भन्ने सोचसहित हामी जनप्रतिनिधिले अघि सारेका सुशासन र सामाजिक आर्थिक रूपान्तरणका योजना र कार्यक्रमहरूको कार्यान्वयनको अवस्थाका बारेमा आम महानगरवासीलाई सुसूचित गराउनु जनउत्तरदायी सरकारको दायित्व हो भन्ने मान्यताअनुरूप यो प्रगति समीक्षा पुस्तक तयार पारी सार्वजनिक गरेका छौं।

हाम्रो पाँच वर्षको कार्यकालमा महानगरको सीमित आन्तरिक स्रोत र नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त वित्तीय अनुदानको अधिकतम् उपयोग गरी भौतिक पूर्वाधार र मानवीय विकासबीच सन्तुलन कायम गर्दै विकास निर्माणका दीर्घकालीन र अल्पकालीन महत्त्वका योजना तर्जुमा र कार्यान्वयन भएका छन् ।यस अवधिमा भरतपुरलाई स्मार्ट मेगा सिटीकोरूपमा विकास गर्न महानगरीय रिङरोड र लिंक रोड, पुलचोकदेखि गोन्द्राङसम्म ६ लेनको सडक विस्तार, वडा नं. १० मा अत्याधुनिक सुविधासम्पन्न सिटी हल निर्माण, वडा नं. १५ मा अन्तर्राष्ट्रिय स्तरको गौतम बुद्ध अन्तर्राष्ट्रिय क्रिकेट रंगशाला, भरतपुर विमानस्थलको स्तरोन्नति,  लायन्स चोकमा मेट्रो प्लाजा निर्माण, महानगरको सुविधा सम्पन्न प्रशासकीय भवन, फोहरमैला व्यवस्थापनको लागि ल्यान्डफिल साइट निर्माण, महानगरका पर्यटकीय क्षेत्रहरूको पहिचान र तिनको पूर्वाधार निर्माण, नारायणी नदी किनारामा Sea Beach Model को मनोरञ्जन पार्क निर्माण, पुलचोकदेखि केन्द्रीय बसपार्क हुँदै बाइपास सडकसहितको मुख्य सडकहरूमा अन्डरग्राउन्ड विद्युतीकरण र महानगरका प्रमुख सडकहरूमा स्मार्ट स्टि्रट लाइट जडान, सार्वजनिक र पर्ति जग्गाहरू खोजबिन गरी संरक्षण,  भरतपुर अस्पतालमा सुविधासम्पन्न बिरामी कुरुवा घर निर्माण, देवघाटमा अत्याधुनिक शवदाह गृह निर्माण, हाकिमचोक जगतपुर हुलाकी सडकको विस्तार, सुविधासम्पन्न अटोल्यान्ड निर्माण, स्मार्ट ट्वाइलेट र ओपन जिमको व्यवस्था लगायतका विकास निर्माणका कार्यहरूले भरतपुर महानगरको मुहार फेरिनेमा हामी विश्वस्त छौं।

महानगरलाई आर्थिक रूपमा सबल र सक्षम बनाउन उत्पादनमूलक क्षेत्रहरू खासगरी कृषि, पशुपालन, पर्यटन र सेवाक्षेत्रको विकासमार्फत् स्वरोजगार र उद्यमशिलता प्रवर्धनमा विशेष जोड दिने नीतिअनुरूप कृषि र उत्पादक सहकारीलाई दूधमा अनुदान, यन्त्र उपकरण खरिदमा सहयोग, बिउबिजन वितरणलगायत विभिन्न अनुदान र प्राविधिक सहयोग उपलब्ध गराइको छ।

पहिलो स्थानीय सरकारको नेतृत्व गर्दैगर्दा हामीले स्थानीय सरकार सञ्चालनका लागि आवश्यक कानुनहरू निर्माणलाई प्राथमिकता दिई कानुनी आधार तयार पार्न सफल भएका छौं । यस अवधिमा तर्जुमा भएका ऐन, कानुनले आगामी नेतृत्वलाई कार्यसम्पादनमा सहज वातावरण निर्माण हुनेछ भन्ने विश्वास लिएको छु ।

सेवा प्रवाहलाई व्यवस्थित गरी सुशासनको प्रत्याभूति दिन सबै वडा कार्यालय भवनको नवनिर्माण तथा पुर्ननिमार्ण सम्पन्न गरिएको छ । करिब पाँच वर्षको अवधिमा कृषि, पशुपालन, सहकारी, शिक्षा, युवा तथा खेलकुद आदि क्षेत्रमा पनि उल्लेखनीय कार्य भएका छन् । महानगरलाई शैक्षिक हबका रूपमा विकास गर्न रामपुरमा चितवन इन्जिनियरिङ्ग क्याम्पस स्थापना, वडा नं. २३ र १० मा बहुप्राविधिक शिक्षालय स्थापना, हाम्रो गौरव, हाम्रो भरतपुर विषयको स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयन, अटिजम विशेष विद्यालय स्थापना, अतिसिमान्तकृ र लोपोन्मुख समूहका विद्यार्थीलाई महानगर छात्रवृत्ति, युवा स्वयंसेवक शिक्षक परिचालन, बालबालिकासँग मेयर कार्यक्रम, जोखिममा परेका महिलासँग मेयर कार्यक्रम, अन्तर ाष्ट्रिय, राष्ट्रिय, प्रदेशस्तरीय खेलमा पदक जित्ने महानगरका खेलाडीहरूलाई सम्मानलगायतका कार्यहरू हाम्रा उल्लेखनीय काम हुन् । महानगरले भाषा, साहित्य, कला-संस्कृतिको उत्थानको लागि ऐन नै निर्माण गरी भरतपुर महानगर प्रज्ञा प्रतिष्ठान समेत गठन गरिएको छ ।

महानगरवासी जनतालाई सम्भावित विपतबाट जोगाउन नारायणी नदीमा तटबन्धनका कार्य सुरु भएको छ । आपतकालीन कार्य सञ्चालन केन्द्र स्थापना गरी आपतकालीन आश्रयस्थलको व्यवस्थापन गरिएको छ भने वडा वडामा खोज तथा उद्धारका सामाग्रीहरुको व्यवस्थापन गरिएको छ । कोभिड १९ का बखत कोरना सङ्क्रमण न्यूनीकरण र संक्रमितहरूलाई उपचारको लागि कोभिड अस्पतालको निर्माण गरिनुका साथै वडा वडामा क्वारेन्टाइन स्थापना र समस्यामा परेकालाई राहत वितरण गरी स्थानीय सरकारको अनुभूति दिलाइएको छ । भरतपुर कोरोना विशेष (अस्थायी) अस्पताल तथा पीसीआर प्रयोगशाला स्थापना, योगी नरहरिनाथ योग तथा प्राकृतिक चिकित्सालयमा आइसोलेसन केन्द्र सञ्चालन गरी महानगर र आसपासका स्थानीय तह तथा जिल्लाका कोरोना संक्रमितलाई निशुल्क उपचार सेवा उपलब्ध गराई भरतपुर महानगरले कोभिड सङ्कट व्यवस्थापनमा राष्ट्रव्यापी सन्देश प्रवाह गर्न सफल भएको सर्वविदितै छ ।

हामी जनप्रतिनिधिका रूपमा निर्वाचित भएर आएपछि गरिएको पहिलो निर्णयबाट भरतपुर केन्द्रीय अस्पतालमा महिला तथा वृद्ध नागरिकलाई ओपिडी टिकटको निःशुल्क व्यवस्था गरिँदै आएकोमा आ.व. २०७७/०७८ देखि अपाङ्गता भएका व्यक्तिहरूलाई पनि निःशुल्क ओपिडी टिकटको व्यवस्था गरी सेवा प्रदान हुँदैआएको छ । भौतिक र मानवीय पक्षको सन्तुलित विकासको अवधारणाबाट निर्देशित भई कार्य गर्ने सन्दर्भमा मानव सेवा आश्रमलगायतका सम्बद्ध संघसंस्थाहरूसँगको सहकार्यमा भरतपुर महानगरपालिकालाई सहयोगापेक्षी सडक मानवमुक्त घोषणा गरिएको छ । असहाय अनाथ जोखिममा परेका बालबालिका र महिला, अपाङ्गता भएका व्यक्ति र ज्येष्ठ नागरिक लक्षित कार्यक्रमहरूमा महानगरपालिकाले विशेष ध्यान दिएको छ ।

महानगरको विकास र रूपान्तरणको यस अभियानमा निजी क्षेत्र, सञ्चार क्षेत्र, गैर सरकारी संस्था, युवा वर्ग र नागरिक समाजसँगको सहकार्य हाम्रो कार्यकालको अर्को महत्त्वपूर्ण उपलब्धिका रूपमा रहेको छ । यसका लागि सबैलाई विशेष धन्यवाद ज्ञापन गर्दछु ।

अन्त्यमा, जनआकाङ्क्षा अनुरूप गर्न पर्ने कार्य अवश्य अझै धेरै छन् ।तर पनि यस अवधिमा सम्पन्न भएका र सम्पन्न हुने क्रममा रहेका कार्यहरूका आधारमा हाम्रो नेतृत्वको करिब पाँच वर्षको अवधिलाई फर्केर हेर्दा महानगरको रूपान्तरणको जग बसेको तथ्य सबैसामु छर्लङ्ग हुन्छ । यिनै तथ्यलाई समेटेर मुख्यमुख्य कार्यहरूको संक्षिप्त झलकको रूपमा यस समीक्षात्मक पुस्तकलाई आम महानगरवासी समक्ष प्रस्तुत गर्न पाउँदा हामीलाई गर्वको अनुभूति भएको छ । महानगरको वृहत्तर विकासका सहयात्री, साझेदार संघ तथा प्रदेश सरकारका मन्त्रालयहरू, विभागहरू, संघीय तथा प्रदेश सभाका माननीयज्यूहरू, राजनीतिक दलको नेतृत्व, प्रमुख प्रशासकीय अधिकृतहरूः प्रेमराज जोशी, नेत्रप्रसाद सुवेदी, महेन्द्रप्रसाद पौड्याल, भोजराज खतिवडा र रामबन्धु सुवेदीलगायत सम्पूर्ण राष्ट्रसेवक कर्मचारी तथा आम नगरवासीहरूलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु । यस प्रकाशनको लेखन तथा सम्पादन कार्यमा संलग्न सल्लाहकार एवं सम्पादक मण्डलका सदस्यहरूलाई विशेष धन्यवाद दिन चाहन्छु । धन्यवाद !

**मिति** : २०७९ बैशाख ७ गते ।

# हाम्रो कार्यकालको समग्र वस्तुस्थिति देखिने दस्तावेज समीक्षा पुस्तक



**पार्वती शाह ठकुरी**
**उपप्रमुख**
**भरतपुर महानगरपालिका**

स्थानीय  क्षेत्रको विकास एवं प्रशासन स्थानीय क्षेत्रकै निर्वाचित जनप्रतिनिधिद्वारा सञ्चालन गर्ने उद्देश्यकासाथ गरिएको स्थानीय तहको निर्वाचनमा नगर उपप्रमुखजस्तो जिम्मेवार पदमा निर्वाचित भई सेवा गर्ने अवसरप्रति गौरव गर्दै सम्पूर्ण नगरवासीहरूप्रति कृतज्ञ छु ।

भरतपुर महानगरपालिकाको विकास निर्माणलगायत सम्पूर्ण कार्यहरूलाई पारदर्शी बनाउने हिसावले महानगरपालिकाले प्रकाशन गर्न लागेको **५ वर्षे कार्यकालको समीक्षा** २०७९ प्रकाशन गर्ने कुरा सम्पूर्ण नगरवासीहरूको लागि खुशीको कुरा हो ।

स्थानीयहरूको  जनचासो र गुनासो, आवश्यकता बुझ्न, स्थानीय जनशक्ति, साधनस्रोत, सीप र प्रविधिको विकास एवम् परिचालन गर्न, सरकार सञ्चालनमा स्थानीयको प्रतिनिधित्व गराउनका लागि स्थानीय सरकारको आवश्यकता हुनुका साथै भौतिक तथा प्राविधिक विकासमा देशलाई नै टेवा पुऱ्याउने गरी जनताको गुनासो वुझी विकासका कामहरू अगाडि बढाउका लागि पनि स्थानीय सरकारको निकै ठूलो भूमिका रहेको  हुन्छ ।

भरतपुर महानगरपालिकालाई देश कै नमुना महानगर बनाउने मूल उद्देश्यकासाथ यसका पूर्वाधारहरू खडा गर्ने प्रयत्नहरू भएका छन् । पछिल्लोपटक यसको सफलताको लागि महानगरपालिकाका जनप्रतिनिधिहरू, कर्मचारी साथीहरू तथा सम्पूर्ण नगरवासी दाजुभाइ, दिदीबहिनीप्रति हार्दिक आभार प्रकट गर्दै हालसम्मको कार्य अनुभव र सिकाइबाट आगामी दिनहरूमा नमुना महानगरको सपना पूरा हुने अपेक्षा गर्दछु ।

प्रचलित कानुनले महानगरको कार्यकारी नेतृत्व नगर प्रमुखलाई दिइए पनि राजश्व परामर्श समिति, न्यायिक समिति, योजना अनुगमन तथा मूल्यांकन समिति, बाल कल्याण समितिलगायत  समितिहरूको नेतृत्व गरेर समग्र महानगरको विकास अभियानमा सहभागी हुँदै गर्दा हामीले उल्लेख्य उपलव्धि हासिल गरेको महसुस हुन्छ । उपप्रमुखको पदमा रहेर मूलतः राजश्वको सम्भाव्य क्षेत्रको पहिचान, योजनाहरूको मूल्यांकन र न्यायिक समितिमा रही विवादको शीघ्र र सरल समाधान निकाली न्यायमा नागरिकको सहज र सरल पहुँच हुनेगरी  नगरवासीहरूमा कानूनी शासनको प्रत्याभुति दिलाउन  खेलिएको भूमिकाले महानगरको समग्र वस्तुस्थिति बुझ्न पनि मद्दत पुगेको महसुस गरेको छु ।

करको दर भन्दा पनि दायरा बढाउनु पर्ने, प्राप्त आम्दानीको समानुपातिक वितरण र सो को प्रभावकारी नियमन गरिनु पर्ने, सुशासन र जवाफदेही प्रशासन आजको आवश्यकता रहको छ  । हिजोको प्रतिवद्धताअनुरूप महानगरवासीको चाहनालाई सम्बोधन गर्न अझै धेरै कामहरू बाँकी छन् । हामीले हासिल गरेका विकास अनुभवबाट सिकेर आगामी दिनमा यसको कार्यान्वयन गर्नु प्रमुख चुनौती रहेका छन् ।

महानगरको समग्र विकासमा सहकार्य गर्नुहुने जनप्रतिनिधिहरू, विभिन्न समितिका सदस्यहरू, राजनीतिक दलका जिम्मेवार नेता साथीहरू, प्रदेश तथा संघीय सरकारका विभिन्न विभाग र मन्त्रालयहरू, सरकारी तथा गैरसरकारी संस्थाहरू, राष्ट्रसेवक कर्मचारी साथीहरूको समुचित समन्वयका लागि सम्बन्धित सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

अन्त्यमा, हामी निर्वाचित भएर आएपछिका महानगरले सञ्चालन गरेको महत्वपूर्ण क्रियाकलापको गतिविधिहरूको संक्षिप्त  झलकहरूको सङ्गालो समीक्षा पुस्तक प्रकाशनमा खट्नु हुने प्रकाशन समितिका सम्पूण साथीहरूलाई धन्यवाद ज्ञापन गर्दै सचेत पाठकहरूबाट रचनात्मक सुझावको अपेक्षा गर्दछु ।

**मिति** : २०७९ बैशाख ७ गते ।

# जनप्रतिनिधिको श्वेतपत्र पनि हो
# समीक्षा पुस्तक २०७९



**रामबन्धु सुवेदी**
**प्रमुख प्रशासकीय अधिकृत**
**सह सचिव**

नेपालमा संघीय शासन व्यवस्था पश्चातको अधिकारसम्पन्न स्थानीय सरकारको पहिलो जननिर्वाचित कार्यकालका प्रयासहरू र उपलब्धिहरूलाइ भरतपूर महानगरपालिका चितवनले लिपिवद्ध गरी संस्थागत संझनाको रुपमा हस्तान्तरण गर्ने पवित्र कार्यको नतीजास्वरुप यो समीक्षा पुस्तक प्रकाशन भएको छ। यस ऐतिहासिक कार्यको साक्षी बन्ने शुभ अवसरका लागि म हृदयदेखि नै खुशी ब्यक्त गर्न चाहान्छु।

प्रस्तुत समीक्षा पुस्तकले विगत पाँच वर्षको अवधिमा नगरप्रमुख र उपप्रमुखज्यूको कुशल नेतृत्वमा महानगरपालिकाले स्थापित गरेका नेतृत्वका मानक प्रयासहरू र उपलब्धिहरूलाई इमान्दारितापूर्वक कुनै आग्रह पूर्वाग्रह नराखी प्रस्तुत गरेको छ। यो सवै जनप्रतिनिधिहरूको साझा आवाज हो भने भरतपूर महानगरवासीहरूका लागि अमूल्य सम्पत्ति हो। महानगरका सवै क्षेत्रहरूको सन्तुलित विकासको लहरलाई यस पुस्तकले लिपिवध्द गरेको छ। यस अर्थमा यो जनप्रतिनिधिहरूको श्वेत पत्र पनि हो। कुरा होइन काम गरौं भन्ने महानगरको नेतृत्वको विरासत पनि हो यो समीक्षा पुस्तक। प्रस्तुत समीक्षा पुस्तकमा हरेक क्षेत्रहरूमा प्राप्त भएका उपलब्धिहरूलाइ केन्द्रित गरिएको छ भने महानगरसम्बध्द आधिकारिक तथ्याङ्कको आधिकारिक प्रकाशनका रुपमा समेत यो उपयोगी हुनेछ।

यस महत्वपूर्ण पुस्तक तयारी देखिनै अहोरात्र खट्ने कर्मचारीहरूको कामको उच्च प्रशंसा गर्दछु। यस कार्यका लागि निरन्तर उत्प्रेरणा र सुमार्गदर्शनका लागि नगरप्रमुख र उपप्रमुखज्यूहरूप्रति हार्दिक आभार प्रकट गर्दछु। लामो समयको मेहनतपश्चात पुस्तकको प्रकाशन हुने अवस्थासम्म आइपुग्दा प्रत्यक्ष अप्रत्यक्ष योगदान दिनुहुने सवैमा हार्दिक सम्मान र शुभकामना ब्यक्त गर्दछु। पुस्तकमा समावेश भएका उपलब्धिहरूको स्पष्ट चित्रबाट महानगरको समग्र विकास र समृध्दिको लक्ष्यमा महत्वपूर्ण योगदान गर्नेछ भनी विश्वास प्रकट गर्दै नव वर्ष २०७९ को अवसरमा सबै महानगरवासीहरूमा सुख, शान्ति र समृद्धिको मंगलमय शुभकामना समेत अर्पण गर्दछु।

मिति : २०७९ बैशाख ७ गते।

# हाम्रो कार्यकालमा भरतपुर महानगर



**अरुण पीडित भण्डारी**
**महानगर प्रवक्ता एवम्**
**अध्यक्ष – वडा नं. १०**

**"मध्य नेपालको सुन्दर शहर, समृद्ध र सुसंस्कृत भरतपुर महानगर"** भन्ने उद्‌घोषका साथ यस महानगरको भौतिक पूर्वाधार एवम् सामाजिक विकासका विविध पाटापक्षमा थालिएका रचनात्मक कार्यहरुको पाँच वर्षको अवधि सकिएको छ। यस अवधिमा महानगरले गरेका प्रमुख कार्यहरुलाई पुस्तिकाको माध्यमबाट प्रकाशनमा ल्याउने कार्यको उच्च प्रशंशा गर्दै यस अध्ययनबाट महानगरका जनप्रतिनिधिहरुले के कस्ता कार्य सम्पादन गर्न सके भन्ने बारे आम नगरवासीहरुलाई जानकारी हुन सक्ने विश्वासका साथ यो आलेख तयार गर्ने जमर्को गरेको छु।

विकासको मूल आधार बाटो हो। बाटोको पहुँच विना विकास र निर्माणका कुनै पनि कार्यहरुको कल्पना सम्म गर्न सकिदैन। यही मान्यतालाई दृष्टिगत गरी महानगरले स्थानीय श्रोत-साधनको प्रयोग गर्दै प्रदेश तथा संघीय सरकारका विभिन्न निकायहरुसँग समन्वय गरी यहाँको सडक विस्तार एवम् स्तरोन्नतिमा विशेष जोड दिएको छ। संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापनापश्चात निर्वाचित जन प्रतिनिधिहरुको आगमन अघि भरतपुर महानगरपालिका क्षेत्र भित्रका सडकहरुको स्थिति निकै कमजोर अवस्थामा थिए। जनप्रतिनिधिको आगमनपश्चात महानगर क्षेत्र भित्र करिव ११०५ कि.मि. (नयाँ र मर्मत) सडकहरु कालो पत्रे सडकको रुपमा रुपान्तरण भएका छन भने करिव ४५९ कि.मि. सडक ग्राभेल र २४ कि.मि. मा मो ज्याक र ढलाई सडकहरु निर्माण भएका छन। यस अवधिमा पुल्चोकदेखि गोन्द्राङ्गसम्म र साझा वसपार्कदेखि आँपटारीसम्मको ६ लेन सडक निर्माण, ल्याण्डफिल्ड साइड निर्माण, साइकल लेन निर्माण कार्य र अपाङ्गमैत्री फुटपाथको व्यवस्थाजस्ता कामहरुले लगभग अन्तिम रुप प्राप्त गर्ने स्थितिमा पुगेका छन्। यसका अतिरिक्त शहरका मुख्य-मुख्य सडकमा स्मार्ट स्ट्रिटलाइट, फोहर मैला व्यवस्थापनका लागि अत्याधुनिक ल्याण्ड फिल्ड साइडको निर्माण प्रक्रिया पूरा भएको छ।

सडक निर्माणका अतिरिक्त यहाँको आर्थिक, सामाजिक जीवनमा दीर्घकालीन प्रभाव पार्ने सिटि हल र "शहर भित्रको शहर" **भरतपुर मेट्रो प्लाजा**को कार्यारम्भ भएको छ। नगर भित्र अटोल्याण्ड ,उद्योगग्राम, नारायणी नदी किनारलाई सी विच मोडलमा विकास गर्ने कार्यको शुरुवात भइसकेको छ। त्यस्तै पर्यटन प्रवर्धनका निम्ति अन्तर्राष्ट्रिय गौतम वुद्ध क्रिकेट रंगशाला निर्माणको शुरुवातले महानगरको गरिमालाई अझै उचाइमा पुऱ्याएको छभने भरतपुर-२२ पटिहानीमा बनेको अम्ब्रेला स्ट्रिटले स्थानीय पर्यटकको मन लो भ्याएको छ। यस्तै वडा नं. ६ मा धर्मशालासहित लक्ष्मी नारायण मन्दिर निर्माण र मन्दिर परिसरमा इन्द्र सरोवर पोखरीको सौन्दर्यीकरणको स्वरुप लिदै छ। यसका साथै पटिहानी कभर्ड हल निर्माण, शारदानगर, दिव्यनगर, शिवनगर, देवनगर, गोलाघाट, पार्वतीपुर, जखडीमाई, पटिहानी, गीतानगरमा बृहत् खानेपानी आयोजना संचालनको क्रममा रहेका छन्। त्यस्तै देवघाटमा विद्युतीय शवदाह गृह निर्माणाधीन अवस्थामा छन्। महानगरपालिकाको अत्याधुनिक मुख्य प्रशासकीय भवनको शिलान्यास भइसकेको छभने ११ वटा वडा कार्यालयहरुका भवनहरु निर्माण सम्पन्न र बाँकी अधिकांश वडा कार्यालयको मर्मत संभारसहित तला थपका कार्यहरु सम्पन्न भइसकेका छन्।

कृषि उद्यमशीलताको विकासका लागि लघु उद्यम विकास कार्यक्रम, कृषि र पशुपंक्षि व्यवसाय

प्रवर्धन, कृषि आधुनिकीकरण, ४५५ विगाह क्षेत्रफलमा बाह्रै महिना सिंचाईको सुनिश्चितता, १०६ विगाह सार्वजनिक जमिन संरक्षण र भूमिहीन समुदायलाई लालपूर्जा र निस्सा वितरण, प्रतिलिटर दुधमा कृषकहरुलाई रु.३ अनुदान कार्यक्रम, एक वडा एक नर्सरी स्थापना, पशुहरुमा खोरेतविरुद्धको खोप, गाई भैसीका लागि कृतिम गर्भाधान सेवा, पशुहरुमा बाँझोपन निवारण र गोठसुधारजस्ता कार्यक्रम सञ्चालनमा आएका छन् । जुन कार्यक्रमहरुले कृषकहरुको दैनिक जीवनमा प्रत्यक्ष प्रभाव पार्न सक्ने कुरामा हामी विश्वस्त छौं ।

सर्वसाधारण जनताको स्वास्थ्य र सुरक्षाको चासोलाई पनि महानगरले सम्वोधन गर्ने प्रयास गरेको छ । निर्वाचित कार्यपालिकाको पहिलो बैठकले भरतपुर अस्पतालमा महिला र जेष्ठ नागरिकहरुलाई निःशुल्क ओ.पी.डी. टिकटको व्यवस्था गरेको छभने शिवनगर र शारदानगरका अस्पताललाई नगर अस्पतालमा स्तर वृद्धि गरी कोभिड-१९ आईसोलेसन अस्पताल स्थापना गरेको छ । कोभिड-१९ मा घर घरमा गई स्वाब संकलन, संक्रमितहरुका लागि निःशुल्क एम्बुलेन्स सेवा, मृत्यु भएकालाई शववाहन र दाहसंस्कारका लागि निःशुल्क दाउरा उपलब्ध गराएर मानवीय संवेदनाप्रति संवेदनशीलता दर्शाएको छ । महानगरका सबै वडाहरुमा ४२ वटा नगर स्वास्थ्य केन्द्र स्थापना गरेको छ । सुत्केरी महिलालाई दूरीका आधारमा एम्वुलेन्स यातायात खर्चको व्यवस्था गर्दै गर्भवती महिलाका लागि निःशुल्क झुल तथा सप्लिमेण्ट कार्यक्रम संचालनमा ल्याएको छ । महानगर भित्र राष्ट्रियस्तरको शिक्षक अस्पताल स्थापनामा शुरुवाती भएको छभने आयुर्वेद अस्पतालको स्थापनासमेत भइसकेको छ ।

महानगरले स्थानीय पाठ्यक्रमको रुपमा कक्षा १ देखी ८ सम्म **हाम्रो गौरव, हाम्रो भरतपुर** प्रकाशन गरी पाठ्यक्रममा समावेश गरेको छभने अति सीमान्तकृत र लोपोन्मुख, अपाङ्ग, दलित र शहिद परिवारका विद्यार्थीहरुलाई छात्रवृत्ति प्रदान गरिएको छ । देशकै पहिलो अटिजम विशेष विद्यालय संचालन, विपन्न परिवार का किशोर किशोरी, छात्र छात्राहरुलाई निःशुल्क साइकल वितरण,  ठण्डीयाममा न्यानो कपडा वितरणजस्ता प्रभावकारी कार्यक्रम संचालन गरेको छभने इन्जिनियरिङ्ग कलेजको स्थापना, सहज विद्यालय पहुँचका लागि स्कूल बस वितरण गरेको छ भने भाषा, कला, साहित्य र संस्कृतिको उत्थानका लागि गम्भिरताका साथ अध्ययन गरी **भरतपुर महानगर प्रज्ञा प्रतिष्ठान**को स्थापना गरी आफ्नो गौरव वढाउने कार्यको थालनी छ । अन्त्यमा, यस कार्यालयमा महानगरले कुशल र सफल नेतृत्वका कारण महानगरको विरासतलाई जीवन्त राख्न शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन, सहकारी, शुशासन, जनसहभागिताका क्षेत्रहरुमा समावेशी विकासको नमुना प्रस्तुत गरेको छ । भरतपुर महानगरको गरिमाका बढाउँनका निम्ति आ-आफ्नो ठाउँबाट प्रत्यक्ष र परोक्ष सहयोग गर्ने महानगरवासीहरु, निर्वाचित जनप्रतिनिधिज्यूहरु, राजनीतिकर्मी मित्रहरु, विभिन्न पेशागत महानुभावहरु, कर्मचारी मित्रहरु, सवैमा हृदयतः आभार प्रकट गर्दै नव वर्ष २०७९ सालको असीम शुभकामना टक्रयाउँछु । धन्यवाद !

# विषयसूची


| क.सं. | विषयसूची | पेज नं. |
|---|---|---|
| १ | पूर्व प्रधानमन्त्री, नेकपा (माओवादी केन्द्र) अध्यक्ष एवम् चितवन क्षेत्र नं. ३ प्रतिनिधि सभा सदस्य मा. पुष्पकमल दाहाल 'प्रचण्ड' ज्यूको शुभकामना | ट |
| २ | भरतपुर महानगरपालिकाको विकास र समृद्धिका पाँच वर्ष : नगरप्रमुख रेनु दाहाल | ठ |
| ३ | हाम्रो कार्यकालको समग्र वस्तुस्थिति देखिने दस्तावेज समीक्षा पुस्तक : नगर उप-प्रमुख पार्वती शाह ठकुरी | ढ |
| ४ | जनप्रतिनिधिको श्वेतपत्र पनि हो समीक्षा पुस्तक २०७९ : प्रमुख प्रशासकीय अधिकृत रामबन्धु सुवेदी | ण |
| ५ | हाम्रो कार्यकालमा भरतपुर महानगर : महानगर प्रवक्ता अरुण पीडित भण्डारी | त |
| ६ | सारांश | १ |
| ७ | विषयप्रवेश | ३ |
| ८ | सहरी विकास तथा भौतिक पूर्वाधार | ४ |
| ९ | शिक्षामा महानगर | १० |
| १० | सामाजिक विकासमा महानगर | १७ |
| ११ | महानगर र कानुनी व्यवस्था | २३ |
| १२ | पञ्जीकरण, घटना दर्ता र संशोधन | २४ |
| १३ | सामाजिक सुरक्षा | २६ |
| १४ | महानगर र जनस्वास्थ्य | २८ |
| १५ | कृषि तथा पशु विकास | ३२ |
| १६ | महानगर र सहकारी | ३६ |
| १७ | महानगर र पर्यटन | ३९ |
| १८ | वातावरण तथा विपद् व्यवस्थापन | ४२ |
| १९ | विपद् व्यवस्थापनमा महानगरपालिकाका उपलब्धिहरू | ४६ |
| २० | भूमिहीन समस्या व्यवस्थापन | ५० |
| २१ | प्रधानमन्त्री रोजगार कार्यक्रम | ५१ |
| २२ | राजश्व सङ्कलन तथा व्यवस्थापन | ५१ |
| २३ | महानगर र अन्तर्राष्ट्रिय सम्बन्ध | ५१ |
| २४ | भवन निर्माण इजाजत | ५४ |
| २५ | उपभोक्ता हित, बजार अनुगमन तथा खाद्यसुरक्षा | ५५ |
| २६ | शासकीय सुधार | ५६ |
| २७ | महानगरको सेवा प्रवाह वर्तमान अवस्था | ५७ |
| २८ | वडागत भौतिक पूर्वाधारहरू | ५९ |
| २९ | महानगरको विकास बहस | ७३ |
| ३० | कर्मचारी क्षमता अभिवृद्धि | ७५ |
| ३१ | महानगरका विविध उल्लेखनीय कार्यक्रमहरू | ७६ |
| ३२ | महानगरका गौरवका आयोजनाहरू | ७९ |
| ३३ | निष्कर्ष | ८२ |
| ३४ | परिशिष्ट १ | ८४ |
| ३५ | परिशिष्ट २ | ८९ |
| ३६ | परिशिष्ट ३ | ९५ |